# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०४) पोखरा, कार्तिक २९ गते, २०७८ साल (अतिरिक्ताङ्क २५


## भाग ३

गण्डकी प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

### गण्डकी प्रदेश सरकारको वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८

**प्रस्तावनाः** गण्डकी प्रदेश सरकारको आर्थिक प्रशासन प्रणालीलाई व्यवस्थित, पारदर्शी, जवाफदेही, विधिसम्मत, भ्रष्टारमुक्त, नागरिकमैत्री र प्रभावकारी बनाउन, प्रदेश सार्वजनिक वित्त व्यवस्थापनका सम्भावित सुशासन जोखिमका क्षेत्रहरूको पहिचान गरी यसको लेखाजोखाको माध्यमबाट कार्ययोजना निर्माणगरी प्रदेश सरकारको वित्तीय सुशासनलाई संस्थागत गर्न बाञ्छनीय भएकोले,

"प्रदेश सुशासन ऐन, २०७६" को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी गण्डकी प्रदेश सरकारले देहायको कार्यविधि बनाएको छ ।

#### परिच्छेद–१

#### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "गण्डकी प्रदेश सरकारको वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अङ्कभार" भन्नाले यस कार्यविधिको सूचकका लागि तोकिए बमोजिमको अङ्कलाई सम्झनुपर्छ।

(ख) "ऐन" भन्नाले प्रदेश सुशासन ऐन, २०७६ सम्झनुपर्छ।

(ग) "कार्ययोजना" भन्नाले वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजना सम्झनुपर्छ ।

(घ) "नतिजाको जोखिम" भन्नाले सार्वजनिक श्रोत साधनको प्रयोगबाट लक्षित वर्गको जीवनस्तरमा परिणाममुखी सकारात्मक परिवर्तन आउन नसक्ने सम्भावनाको जोखिम सम्झनुपर्छ।

(ङ) "प्रक्रियाको जोखिम" भन्नाले सार्वजनिक वित्तीय साधन स्रोतको प्रयोग गर्दा प्रचलित कानूनले निर्धारण गरेको विधिसम्मत प्रकृयाको उलङ्घनको सम्भावनाको जोखिम सम्झनुपर्छ ।

(च) "प्रतिवेदन" भन्नाले मूल्याङ्कनबाट प्राप्त नतिजालाई सम्प्रेषण गर्नका लागि तोकिएको ढाँचा बमोजिमको विवरणलाई सम्झनुपर्छ । सो शब्दले सूचना प्रविधिमा आधारित ढाँचाबाट प्राप्त विवरणलाई समेत जनाउँछ ।

(छ) "प्रदेश सरकार" भन्नाले गण्डकी प्रदेश सरकार सम्झनुपर्छ।

(ज) "मन्त्रालय" भन्नाले प्रदेश सरकार अन्तर्गतका सबै मन्त्रालय सम्झनुपर्छ । यो शब्दले मुल्याङ्कन प्रयोजनको लागि मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई समेत जनाउनेछ।

(झ) "मन्त्रिपरिषद्को कार्यालय" भन्नाले गण्डकी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सम्झनुपर्छ।

(ञ) "मूल्याङ्कन" भन्नाले यस कार्यविधि बमोजिमका वित्तीय सुशासन जोखिमका क्षेत्र पहिचान गरी न्यूनीकरण गर्न अवलम्बन गरिने प्रक्रिया समेतलाई सम्झनुपर्छ ।

(ट) "वित्तीय अनुशासनको जोखिम" भन्नाले सार्वजनिक वित्तीय शक्ति र साधनलाई निजी फाइदाका लागि प्रयोग गर्ने, प्रकृयाको पालना नहुने र कमजोर व्यवस्थापनका कारण सार्वजनिक वित्तीय साधन तोकिएको वर्ग, लक्ष्य र प्रयोजनमा खर्च नहुने र यसबाट अपेक्षित नतिजा निस्कन नसक्ने सम्भावनालाई सम्झनुपर्छ।

(ठ) "सचिव" भन्नाले गण्डकी प्रदेश सरकारको सचिव सम्झनुपर्छ ।

(ड) "सूचक" भन्नाले यस कार्यविधिको अनुसूची-२ र अनुसूची-६ मा उल्लेख गरिएका सूचकहरूलाई सम्झनुपर्छ।

## परिच्छेद–२

## मूल्यांकनको बिषयक्षेत्र, तह र सूचकहरु

३. **मूल्याङ्कनका विषयक्षेत्र:** (१) यस कार्यविधिको अधीनमा रही प्रदेश सरकारको वित्तीय सुशासनका मूल्याङ्कनका विषय क्षेत्रहरू देहाय बमोजिम हुनेछन्:-

(क) योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन,

(ख) कार्यान्वयन क्षमता तथा व्यवस्थापन,

(ग) लेखाङ्कन तथा प्रतिवेदन,

(घ) अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण,

(ङ) राजस्व व्यवस्थापन।

(२) उपदफा (१) बमोजिमका विषयक्षेत्र अन्तर्गत मन्त्रालयगत सूचकहरुमा देहायको तह हुनेछन्:-

(क) प्रक्रियाको जोखिम,

(ख) नतिजाको जोखिम,

(ग) वित्तीय अनुशासनको जोखिम।

(३) उपदफा (२) बमोजिम प्रदेशका सूचकहरुको अवस्था अनुसार अङ्कभार, मूल्यांकन, सारांश तथा वर्गीकरण क्रमशः अनुसूची–१, अनुसूची–२, अनुसूची–३ र अनुसूची–४ बमोजिम हुनेछ।

(४) उपदफा (३) बमोजिम मन्त्रालयका सूचकहरुको अवस्था अनुसार अङ्कभार, मूल्यांकन, सारांश तथा वर्गीकरण क्रमशः अनुसूची–५, अनुसूची–६, अनुसूची–७ र अनुसूची–८ बमोजिम हुनेछ।

## परिच्छेद–३

## मुल्याङ्कनका प्रक्रिया तथा अङ्कभार

४. **मूल्याङ्कन प्रक्रिया:** (१) यस कार्यविधि बमोजिमको मूल्याङ्कन प्रदेशको एकीकृत सूचकको हकमा मन्त्रिपरिषद्को कार्यालयले र मन्त्रालयगत सूचकको हकमा सम्बन्धित मन्त्रालयले गर्नेछ ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन भएपछि मन्त्रालयले अनुसूची–८ बमोजिम वित्तीय सुशासन जोखिम अवस्थाको बर्गीकरण गर्नेछ ।

(३) उपदफा (१) बमोजिम मुल्यांकन नतिजा प्राप्त भएपछि प्रदेशको हकमा मन्त्रिपरिषद्को कार्यालय र मन्त्रालयको हकमा सम्बन्धित मन्त्रालयले अनुसूची–९ बमोजिमको ढाँचामा वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउनु पर्नेछ ।

५. **मन्त्रिपरिषद्को कार्यालयको भूमिका:** मन्त्रिपरिषद्को कार्यालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालयहरूलाई वित्तीय सुशासन जोखिम मूल्यांकन तथा लेखाजोखा एवं प्रक्रिया बारेमा अनुशिक्षण गर्ने,

(ख) यस कार्यविधि बमोजिम मन्त्रालयगत रूपमा भएको मूल्याङ्कन नतिजालाई विश्लेषण गरी एकीकृत प्रतिवेदन तयार गर्ने,

(ग) प्रदेशको वित्तीय सुशासन जोखिमको एकीकृत लेखाजोखा गरी प्रतिवेदन तयार गर्ने,

(घ) मूल्याङ्कनको अन्तिम नतिजाको आधारमा मन्त्रालयहरूको वर्गीकरण गर्ने,

(ङ) यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कनको नतिजालाई एकीकृत रूपमा प्रविष्टि, भण्डारण, सुरक्षा, प्रस्तुतीकरण, नतिजा सार्वजनिकीकरण लगायतका कार्यमा सहयोग हुने गरी आवश्यकता अनुसार सफ्टवेयर तयार गरी प्रयोगमा ल्याउने,

(च) यस कार्यविधि बमोजिम गरिने मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन अनुगमन, सहयोग र सहजीकरण गर्ने,

(छ) यस कार्यविधि बमोजिमको प्रणाली सञ्चालन तथा व्यवस्थापनका लागि सम्बन्धित महाशाखालाई जिम्मेवारी तोक्ने,

(ज) नतिजा विश्लेषणको आधारमा मन्त्रालयहरूको क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने,

(झ) प्रदेश तथा मन्त्रालयहरुलाई वित्तीय जोखिम मूल्यांकन सम्पन्न भएपछि वित्तीय जोखिम न्यूनीकरणका लागि कार्ययोजना तयार गरि कार्यान्वयन तथा अनुगमनका लागि सहयोग गर्ने।

६. **<u>मन्त्रालयको भूमिका</u>:** यस कार्यविधि बमोजिम मन्त्रालयको लागि निर्धारण गरिएको सूचकको मूल्याङ्कन प्रक्रियामा मन्त्रालयको भूमिका देहाय बमोजिम हुनेछः-

(क) मन्त्रालय र मातहतका निकायका कर्मचारीलाई मूल्याङ्कनको उद्देश्य र मुल्यांकन विधिबारे जानकारी तथा प्रशिक्षित गर्ने,

(ख) मूल्याङ्कन कार्यको सहजीकरण र समन्वय गर्न सम्पर्क व्यक्ति तोक्ने,

(ग) मन्त्रालय र मातहतका निकायको वित्तीय सुशासन जोखिमको विश्लेषण गरी मुल्याङ्कन गर्ने,

(घ) यस कार्यविधि बमोजिमको प्रक्रियाबाट गरिने मूल्याङ्कनको नतिजा सूचना प्रविधिमा आधारित ढाँचा (सफ्टवेयर) मा प्रबिष्टि गर्ने,

(ङ) मूल्याङ्कनको नतिजाको प्रारम्भिक प्रतिवेदन उपर मन्त्रालयमा समीक्षा गर्ने,

(च) मूल्याङ्कनको नतिजाको अन्तिम प्रतिवेदन मन्त्रिपरिषद्को कार्यालयलाई उपलब्ध गराउने,

(छ) मूल्याङ्कनको नतिजा मन्त्रालयको वेबसाइट मार्फत सार्वजनिक गर्ने,

(ज) तोकिएको ढाँचामा कार्ययोजना बनाई कार्यान्वयनमा ल्याउने ।

७. **<u>मूल्याङ्कन गरिने समयावधिः</u>** (१) यस कार्यविधि बमोजिमको मूल्याङ्कन प्रत्येक आर्थिक बर्षको पौष मसान्तभित्र सम्पन्न गरिसक्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम मूल्याङ्कन गर्दा अघिल्लो आर्थिक वर्षको तथ्याङ्कलाई आधार मानी सबै सूचकको अङ्क गणना गर्नुपर्नेछ ।

८. **<u>नतिजाको समीक्षा गर्नेः</u>** (१) यस कार्यविधि बमोजिम प्राप्त मूल्याङ्कन नतिजा उपर प्रत्येक बर्ष मन्त्रिपरिषद्को कार्यालयले बार्षिक समीक्षा गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गरिने समीक्षामा गण्डकी प्रदेशमा रहेका नेपाल सरकारका सम्बन्धित निकाय र आवश्यकता अनुसार अन्य निकायलाई समेत आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद—४

## <u>विविध</u>

९. **<u>कार्यसम्पादन सूचकको आधारको रूपमा लिन सकिनेः</u>** (१) यस कार्यविधि बमोजिम गरिएको मूल्याङ्कन नतिजालाई मन्त्रालयको कार्यसम्पादन सूचकको रूपमा उपयोग गर्न सकिनेछ।

(२) मन्त्रालयलाई बजेटको सिलिङ्ग उपलब्ध गराउँदा यस कार्यविधि बमोजिमको नतिजालाई समेत आधार मानिनेछ।

(३) यस कार्यविधि बमोजिम गरिने वित्तीय सुशासन जोखिम मूल्याङ्कन कार्यको लागि आवश्यक बजेट सम्बन्धित मन्त्रालयले व्यवस्था गर्नेछ ।

१०. **<u>मूल्याङ्कन नतिजाको गुणस्तर सुनिश्चितताः</u>** (१) मन्त्रिपरिषद्को कार्यालयले मूल्याङ्कनको नतिजाको गुणस्तर सुनिश्चित परीक्षणको लागि आवश्यक प्रबन्ध मिलाउन सक्नेछ ।

११. **<u>बाधा अड्काउ फुकाउन सक्नेः</u>** यस कार्यविधिको कार्यान्वयनका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

१२. **<u>प्रतिवेदन उपलब्ध गराउने</u>**ः यस कार्यविधि बमोजिम तयार गरिएको प्रतिवेदन प्रदेश सरकारले मन्त्रिपरिषद्को कार्यालयमार्फत राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, महालेखा परीक्षकको कार्यालय, सङ्घीय अर्थ मन्त्रालय, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, राष्ट्रिय योजना आयोग, महालेखा नियन्त्रक कार्यालय तथा आवश्यकता अनुसार नेपाल सरकारका निकायलाई उपलब्ध गराउनेछ।

## अनुसूचीहरु

अनुसूची–१

प्रदेशको वित्तीय सुशासन जोखिम मूल्यांकनका सूचकहरुको अवस्था र अङ्कभार

<u>**बिषयक्षेत्र सूचकहरु अनुसारको अङ्कभार:**</u> अवस्था विश्लेषणलाई निम्नानुसार अङ्कभार निर्धारण गरिएको छ ।

| **सूचकहरू** | **भार, नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार** | | |
|---|---|---|---|
| | **जम्मा सूचक संख्या** | **अवस्था** | **कुल अंक भार** |
| एकिकृत बिषयक्षेत्र अनुसारका सूचकहरु | २५ | अवस्था १ (कमजोर) | ० |
| | | अवस्था २ (सामान्य) | २५ |
| | | अवस्था ३ (उत्तम) | ५० |

प्रत्येक सूचकको तीन वटा अवस्था अनुसारका आधारहरु निर्धारण गरिएको छ । अवस्था १,२ र ३ मा तोकिएका आधार अनुसारको लागि अङ्कभार क्रमश ०, १ र २ अंक निर्धारण गरिएको छ ।

अनुसूची—२

प्रदेशको वित्तीय सुशासन जोखिम एकीकृत मूल्यांकनका सूचकहरु र नतिजा अनुसार अङ्कभार

(परिच्छेद—२ को दफा ३ को उपदफा (२) सँग सम्बन्धित)

**१. योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन (Planning, Budgeting and Programme Management)**

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| १. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानून तर्जुमा | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा नभएको | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा भएको (आधार १) | प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी कानूनको तर्जुमा गरी यसलाई कार्यान्वयनमा ल्याइएको (आधार १-२) | १. सम्बन्धित कानुनको प्रदेश राजपत्र<br>२. वार्षिक सुशासन प्रतिवेदन |
| २. आवधिक योजना निर्माण | आवधिक योजना निर्माण नभएको | आवधिक योजना निर्माण भएको (आधार १) | आवधिक योजनाका आधारमा निर्माण गरिएको परियोजना बैंकलाई वार्षिक योजना मार्फत कार्यान्वयनमा ल्याइएको (आधार १-३) | १. आवधिक योजना<br>२. परियोजना बैंक<br>३. वार्षिक विकास कार्यक्रम |
| ३. मध्यमकालीन खर्च संरचना निर्माण | मध्यमकालीन खर्च संरचना निर्माण नभएको । | मध्यमकालीन खर्च संरचना तयार भएको। (आधार १) | आवधिक योजनामा आधारित मध्यमकालीन खर्च संरचनालाई कार्यान्वयनमा ल्याइएको । (आधार १-२) | १. मध्यमकालीन खर्च संरचना<br>२. सभामा पेस भएको प्रतिवेदन |
| ४. वार्षिक नीति तथा कार्यक्रम र बजेट तर्जुमा | वार्षिक नीति तथा कार्यक्रम, बजेट कानुन अनुसार तोकिएको मितिमा सभामा पेश नभएको । | वार्षिक निति तथा कार्यक्रम र बजेट कानुन अनुसार तोकिएको मितिमा सभामा पेश भएको । (आधार १) | वार्षिक नीति तथा कार्यक्रम र बजेट कानुन अनुसार तोकिएको मितिमा सभामा पेश भई कानुन बमोजिम तोकिएको समयभित्र पारित भएको । (आधार १-२) | १. सभामा पेश गरिएको नीति तथा कार्यक्रम र बजेट बक्तव्य<br>२. प्रदेश सभाबाट पारित बजेटको प्रति |
| ५. वित्तीय समानीकरण अनुदान सम्बन्धी कानून तर्जुमा | प्रचलित कानुन बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय अनुदान सम्बन्धी कानून तर्जुमा नगरेको । | प्रचलित कानुन बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय अनुदान सम्बन्धी कानून तर्जुमा गरेको । (आधार १) | प्रचलित कानुन बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय अनुदान सम्बन्धी कानून तर्जुमा गरी सो बमोजिम वित्तीय समानीकरण अनुदान | १. कानूनको प्रतिलिपि<br>२. वित्तीय समानीकरण अनुदानको वितरण रकम |

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| | | | कार्यान्वयन हुने गरेको । (आधार १-२) | |
| ६. सशर्त अनुदान सम्बन्धी कानून | प्रचलित कानुन प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदान वितरण सम्बन्धी कानून तर्जुमा नगरेको । | प्रचलित कानुन बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदान सम्बन्धी कानून तर्जुमा गरेको । (आधार १) | प्रचलित कानुन बमोजिम प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने सशर्त अनुदान सम्बन्धी कानून तर्जुमा गरी सो बमोजिम सशर्त अनुदान कार्यान्वयन हुने गरेको । (आधार १-२) | १. कानूनको प्रतिलिपि<br>२. सशर्त अनुदानको वितरण रकम |
| ७. विशेष अनुदान | गत आवमा नेपाल सरकारबाट प्रदेशलाई प्राप्त विशेष अनुदानको रकम ५० प्रतिशतभन्दा कम खर्च भएको । | गत आवमा नेपाल सरकारबाट प्रदेशलाई प्राप्त विशेष अनुदानको रकम ५० प्रतिशतभन्दा बढी ८० प्रतिशत सम्म खर्च भएको । (आधार १) | गत आवमा नेपाल सरकारबाट प्रदेशलाई प्राप्त विशेष अनुदानको रकम ८० प्रतिशत भन्दा बढी खर्च भएको । (आधार १) | १. वार्षिक प्रगति समीक्षा प्रतिवेदन र आर्थिक विवरण |
| ८. समपूरक अनुदान | गत आवमा नेपाल सरकारबाट प्रदेश प्राप्त समपूरक अनुदानको रकम ५० प्रतिशत भन्दा कम खर्च भएको । | गत आवमा नेपाल सरकारबाट प्रदेशलाई प्राप्त समपुरक अनुदानको रकम ५० प्रतिशतभन्दा बढी ८० प्रतिशत सम्म खर्च भएको । (आधार १) | गत आवमा नेपाल सरकारबाट प्रदेशलाई प्राप्त समपुरक अनुदानको रकम ८० प्रतिशत भन्दा बढी खर्च भएको । (आधार १) | १. वार्षिक प्रगति समीक्षा प्रतिवेदन र आर्थिक विवरण |
| ९. सशर्त अनुदान | गत आ.व.मा नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त भई खर्च हुन नसकेको सशर्त अनुदानको रकम नेपाल सरकारमा फिर्ता नभएको । | गत आ.व.मा नेपाल सरकारबाट प्रदेश सरकारलाई प्राप्त भई खर्च हुन नसकेको सशर्त अनुदानको रकम सो नेपाल सरकारमा फिर्ता भएको । (आधार १) | गत आ.व.मा नेपाल सरकारबाट प्राप्त भई खर्च हुन नसकेको सशर्त अनुदानको रकम, नेपाल सरकारमा फिर्ता हुनका साथै यस्तो आयोजना कायान्र्यनमा ढिलाई गर्ने र खर्च नगर्ने निकायलाई समेत सचेत गराइएको । (आधार १-२) | १. वार्षिक प्रगति समीक्षा प्रतिवेदन र आर्थिक विवरण,<br>२. सचेत वा कारबाही गरेको कागजात वा प्रमाण |

## २. कार्यान्वयन क्षमता तथा व्यवस्थापन (Implementation Capacity and Management)

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| १. खर्चको मापदण्ड | प्रदेश सरकारको खर्च सम्बन्धी मापदण्ड (नर्म्स) तयार नभएको । | प्रदेश सरकारको खर्च सम्बन्धी मापदण्ड (नर्म्स) तयार भएको । (आधार १) | खर्च मापदण्ड कार्यान्वयनमा आएको । (आधार १-२) | १. प्रदेश राजपत्र<br>२. वार्षिक सुशासन प्रतिवेदनमा भएको यस सम्बन्धी प्रगति विवरण |
| २. खरिद योजना | सबै मन्त्रालयहरूले वार्षिक खरिद योजना निर्माण नगरेको । | सबै मन्त्रालयहरूले वार्षिक खरिद योजना निर्माण गरेको । (आधार १) | सबै मन्त्रालयहरूले वार्षिक खरिद योजना निर्माण गरी सो आधारमा मात्र खरिद गर्ने गरेको । (आधार १-२) | १. स्वीकृत वार्षिक खरिद योजना<br>२. वार्षिक खरिदको अवस्था |
| ३. वित्तीय प्रगति | प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति कूल विनियोजन बजेटको ६० प्रतिशतभन्दा कम रहेको । | प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति कूल विनियोजन बजेटको ६० प्रतिशतभन्दा बढी र ८० प्रतिशतसम्म रहेको । (आधार १) | प्रदेश सरकारको समष्टिगत वित्तीय प्रगति कूल विनियोजन बजेटको ८० प्रतिशतभन्दा बढी रहेको । (आधार १) | १. प्रदेश सरकारको वार्षिक आर्थिक प्रतिवेदन |

## ३. लेखाङ्कन तथा प्रतिवेदन (Accounting and Reporting)

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| १. लेखा सफ्टवेयर को प्रयोग | प्रदेश सरकारका निकायले खर्च लेखांकनका लागि तोकिएको सफ्टवेयरलाई प्रयोगमा नल्याएको | प्रदेश सरकारको निकायले खर्च लेखांकनका लागि सफ्टवेयर लाई प्रयोगमा ल्याएको (आधार १) | प्रदेश सरकारको राजस्व र खर्च दुवैको लागि सफ्टवेयर प्रयोगमा ल्याएको (आधार १) | १. प्रदेश सरकारको वार्षिक आर्थिक प्रतिवेदन |
| २. राजश्व र व्ययको प्रक्षेपण | प्रचलित कानुन बमोजिम प्रदेशले आगामी आर्थिक वर्षका | प्रचलित कानुन बमोजिम प्रदेशले आगामी आर्थिक वर्षका लागि आय-व्ययको | प्रचलित कानुन बमोजिम प्रदेशले आगामी आर्थिक वर्षका लागि आय-व्ययको | १. राजश्व र व्ययको प्रक्षेपण |

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| | लागि आय-व्ययको प्रक्षेपण नगरेको | प्रक्षेपण गरी आफ्नो वेबसाइटमा राखेको (आधार १) | प्रक्षेपण गरी प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण चालु आर्थिक वर्षको पौष मसान्तभित्र अर्थ मन्त्रालयमा पेस गरेको र यसलाई आफ्नो वेबसाइटमा समेत राखेको (आधार १-३) | २. अर्थ मन्त्रालयमा पठाइएको प्रमाण<br>३. वेबसाइटको प्रमाण |
| ३. वार्षिक प्रगति समीक्षा | प्रचलित कानुन बमोजिम गत आवभन्दा अघिल्लो आवको आय व्ययको बजेट कार्यान्वयनको बारेमा गत आवमा कार्तिक मसान्तसम्म वार्षिक समीक्षा नगरेको | प्रचलित कानुन बमोजिम गत आवभन्दा अघिल्लो आवको आय व्ययको बजेट कार्यान्वयनको बारेमा गत आवमा कार्तिक मसान्तसम्म वार्षिक समीक्षा गरेको (आधार १) | प्रचलित कानुन बमोजिम गत आवभन्दा अघिल्लो आवको आय व्ययको बजेट कार्यान्वयनको बारेमा गत आवमा वार्षिक समीक्षा गरी कार्तिक मसान्तभित्रमा वार्षिक प्रगति समीक्षा प्रतिवेदनलाई वेबसाइटबाट सार्वजनिक गरिएको (आधार १-२) | १. वार्षिक प्रगति समीक्षा प्रतिवेदन<br>२. वेबसाइटको प्रमाण |
| ४. चौमासिक प्रगति समीक्षा | प्रचलित कानुन बमोजिम प्रदेशले आफूले गरेको आय-व्ययको चौमासिक विवरण चौमासिक अवधि सकिएको एक महिनाभित्र संघीय अर्थ मन्त्रालयसमक्ष पेस नगरेको | प्रचलित कानुन बमोजिम प्रदेशले आफूले गरेको आय-व्ययको चौमासिक विवरण चौमासिक अवधि सकिएको एक महिनाभित्र संघीय अर्थ मन्त्रालय समक्ष पेस गरेको (आधार १) | प्रचलित कानुन बमोजिम प्रदेशले आफूले गरेको आय-व्ययको चौमासिक विवरण चौमासिक अवधि सकिएको एक महिनाभित्र संघीय अर्थ मन्त्रालय समक्ष पेश गरी आफ्नो वेबसाइटबाट समेत यसलाई सार्वजनिक गरेको (आधार १ -२) | १. चौमासिक प्रगति प्रतिवेदन<br>२. वेबसाइटको प्रमाण |
| ५. आय व्यय विवरणको लेखा परिक्षण तथा प्रतिवेदन | प्रचलित कानुन बमोजिम प्रदेश सरकारले आय-व्यय विवरणको लेखा प्रचलित कानुन बमोजिम लेखापरीक्षण गरि १५ दिन भित्र सार्वजनिक नगरेको | प्रचलित कानुन बमोजिम प्रदेश सरकारले आय-व्यय विवरणको लेखा प्रचलित कानुन बमोजिम लेखापरीक्षण गरि १५ दिन भित्र सार्वजनिक गरेको । (आधार १) | प्रदेश सरकारले आय-व्यय विवरणको लेखा प्रचलित कानुन बमोजिम लेखापरीक्षण गरि १५ दिन भित्र सार्वजनिक गर्नुका साथै आय-व्ययको चौमासिक विवरण तयार गरी (स्थानीय तहबाट प्राप्त विवरण समेत समावेश | १. वेबसाइटमा रहेको आय व्ययको प्रतिवेदन<br>२. विवरण पठाएको प्रमाण |

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम (२) | प्रमाणीकरणको आधार र स्रोत |
| | | | गरि) चौमासिक अवधि सकिएको ३० दिनभित्र संघीय अर्थ मन्त्रालयमा पेस गरेको (आधार १ -२) | |
| ६. प्रदेश लेखा समितिमा बेरूजु माथि छलफल | महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजूका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलफल नभएको | महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलफल हुने गरेको (आधार १) | महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरूजका सम्बन्धमा प्रदेश सभाको लेखा समितिमा छलफल भई प्राप्त सुझाव कार्यान्वयनमा आएको (आधार १ -२) | १. लेखा समितिको प्रतिवेदन<br>२. प्रदेश सभाको प्रतिवेदन |
| ७. सम्पत्तिको अभिलेख | प्रदेश सरकारको अचल तथा पूँजीगत सम्पत्तिहरूको वार्षिक अद्यावधिक एकीकृत विवरण तयार नभएको | प्रदेश सरकारको अचल तथा पूँजीगत सम्पत्तिहरूको वार्षिक अद्यावधिक एकीकृत विवरण तयार भएको | प्रदेश सरकारको अचल तथा पूँजीगत सम्पत्तिहरूको वार्षिक अद्यावधिक एकीकृत विवरण तयार गरी वेबसाइटमा समेत सार्वजनिक गरिएको (आधार १ -२) | १. एकीकृत सम्पत्ति विवरणको प्रतिवेदन<br>२. मन्त्रिपरिषद कार्यालयको वेबसाइटमा रहेको सम्पत्तिको विवरण |

## ४. अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण (Monitoring, Evaluation and Auditing)

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम(२) | प्रमाणीकरणको आधार र स्रोत |
| १. वार्षिक अनुगमन योजना | सबै मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार नगरेको | सबै मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार गरेको (आधार १) | सबै मन्त्रालयले वार्षिक अनुगमन तथा सुपरिवेक्षण योजना तयार गरी कार्यान्वयनमा ल्याएको (आधार १-२) | १. अनुगमन तथा सुपरिवेक्षण योजना<br>२. अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन |
| २. बेरुजुको अवस्था | प्रदेशको समष्टिगत बेरुजु कुल आर्थिक कारोबारको ३ | प्रदेशको समष्टिगत बेरुजू कुल आर्थिक | प्रदेशको समष्टिगत बेरुजू कुल आर्थिक कारोबारको १ प्रतिशत भन्दा कम रहेको | १. महालेखा परीक्षकको अन्तिम |

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य (१) | उत्तम(२) | प्रमाणीकरणको आधार र स्रोत |
| | प्रतिशतभन्दा बढी रहेको | कारोबारको १ देखि ३ प्रतिशत सम्म रहेको (आधार १) | (आधार १) | लेखापरीक्षण प्रतिवेदन |
| ३. आचार संहिता | प्रदेश सरकारले सार्वजनिक पदाधिकारीको आचार संहिता तयार नगरेको | प्रदेश सरकारले सार्वजनिक पदिधकारीको आचार संहिता तयार गरेको (आधार १) | प्रदेश सरकारले वित्तीय आचार संहिता सहितको सार्वजनिक पदाधिकारीको आचार संहिता तयार गरि कार्यान्वयनमा ल्याइएको (आधार १-२) | १. वित्तीय आचार संहिताको प्रतिवेदन<br>२. प्रदेश सरकारको सुशासन प्रतिवेदन |

**५. राजस्व व्यवस्थापन (Revenue Management)**

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य(१) | उत्तम(२) | प्रमाणीकरणको आधार र स्रोत |
| १. राजस्व संकलन | प्रदेशको आन्तरिक आय गत आवमा भन्दा नबढेको | प्रदेशको आन्तरिक आय गत आवमा भन्दा ५ प्रतिशतभन्दा कमले बढेको (आधार १) | प्रदेशको आन्तरिक आय गत आवमा भन्दा ५ प्रतिशतभन्दा बढीले बढेको (आधार १) | १. प्रदेश सरकारको वार्षिक आर्थिक विवरण |
| २. राजस्व बाँडफाँटको रकम | प्रचलित कानुन बमोजिम राजश्व संकलनलाई बिभाज्य कोषमा जम्मा गरेर स्थानीय तहलाई वितरण नगरेको र स्थानीय तहबाट प्राप्त गर्नुपर्ने कानुन बमोजिमका कर रकम प्राप्त नगरेको | कानुन बमोजिमको राजश्व संकलनलाई बिभाज्य कोषमा जम्मा गरेर स्थानीय तहको हिस्सा स्थानीय तहलाई उपलब्ध गराइएको (आधार १) | कानुन बमोजिमको राजश्व संकलनलाई बिभाज्य कोषमा जम्मा गरेर स्थानीय तहको हिस्सा उपलब्ध गराईएको र स्थानीय तहबाट प्राप्त गर्नुपर्ने साझा अधिकारको करको हिस्सा प्रदेशले प्राप्त गरेको (आधार १) | १. प्रदेश सरकारको वार्षिक आर्थिक विवरण |
| ३. राजस्व बाँडफाँट प्राप्त रकमको पूँजिगत खर्चमा उपयोग | प्रचलित कानुन बमोजिम प्रदेशले आफूले उठाएको राजस्व, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व | प्रचलित कानुन बमोजिम प्रदेशले आफूले उठाएको राजस्व, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व रकमबाट प्रशासनिक खर्च पूरा गरी | प्रचलित कानुन बमोजिम प्रदेशले आफूले उठाएको राजस्व, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सहितको कुल राजस्व रकमबाट प्रशासनिक खर्च पूरा गरी बाँकी रकम पूँजिगत | १. प्रदेश सरकारको वार्षिक समीक्षा प्रतिवेदन र वार्षिक आर्थिक विवरण |

| सूचक | नतिजा | | | |
|---|---|---|---|---|
| | कमजोर (०) | सामान्य(१) | उत्तम(२) | प्रमाणीकरणको आधार र स्रोत |
| | रकम प्रशासनिक खर्चमा मात्र उपयोग गरेको | बाँकी रकम पूँजिगत खर्चमा उपयोग गरेको (आधार १) | खर्चमा उपयोग गरेको र यस्तो रकमको हिस्सा गत आवमा भन्दा चालु आवमा बढी रहेको (आधार १) | |

अनुसूची—३

प्रदेशको वित्तीय सुशासन जोखिम एकीकृत लेखाजोखा मूल्यांकनको प्राप्ताङ्क

(सारांश तालिका)

| सूचकहरु | सूचक संख्या | अंकभार | प्राप्ताङ्क | | | जम्मा प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | अवस्था १ | अवस्था २ | अवस्था ३ | |
| **सूचक क्षेत्र १ :** योजना बजेट तथा कार्यक्रमको व्यवस्थापन | ९ | १८ | | | | |
| **सूचक क्षेत्र २ :** कार्यान्वयन क्षमता तथा व्यवस्थापन | ३ | ६ | | | | |
| **सूचक क्षेत्र ३ :** लेखांकन तथा प्रतिवेदन | ७ | १४ | | | | |
| **सूचक क्षेत्र ४ :** अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण | ३ | ६ | | | | |
| **सूचक क्षेत्र ५ :** राजश्व व्यवस्थापन | ३ | ६ | | | | |
| **कुल जम्मा** | **२५** | **५०** | | | | |

अनुसूची–४

प्रदेशको वित्तीय सुशासन मूल्यांकन अवस्था वर्गीकरण

| **अंकभार** | **प्रतिशत** | **मूल्याङ्कन** |
|---|---|---|
| ० अंक देखि २० अंकसम्म | ४० प्रतिशतसम्म | कमजोर |
| २० अंक भन्दा माथि ४० अंकसम्म | ४० देखि माथि ८० प्रतिशतसम्म | सामान्य |
| ४० अंक भन्दा माथी | ८० प्रतिशतभन्दा माथि | उत्तम |

अनुसूची—५

मन्त्रालयको वित्तीय सुशासन जोखिम मूल्यांकनका सूचकहरुको तह र अङ्कभार

**<u>बिषयक्षेत्र सूचकहरुको तह अनुसारको अङ्कभारः</u>** स्थिति विश्लेषणलाई निम्नानुसार अङ्कभार निर्धारण गरिएकोछ ।

| सूचकहरूको तह | सूचक संख्या | भार अनुपात | नतिजा विश्लेषण तथा अङ्कभार निर्धारणका आधार |
|---|---|---|---|
| प्रक्रिया | १७ | ३४% | प्रत्येक सूचकको १ अङ्क (पूर्णाङ्क) निर्धारण गरिएको छ । सूचक पुरा भएको "छ वा छैन" का आधारमा ० वा १ अंक प्रदान गरिनेछ । |
| नतिजा | ११ | २२% | |
| वित्तीय अनुशासन | २२ | ४४% | |
| **जम्मा** | **५०** | **१००%** | |

अनुसूची–६

मन्त्रालयगत वित्तीय सुशासन लेखाजोखा मूल्याङ्कनका सूचकहरू र अङ्कभार

(परिच्छेद–२ को दफा ३ को उपदफा (३) सँग सम्बन्धित)

## १. योजना, बजेट तथा कार्यक्रम व्यवस्थापन

| विवरण | अङ्क भार | | |
|---|---|---|---|
| | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | छ (१) | छैन (०) |
| **(क) प्रक्रियाको व्यवस्थापन (Process Management)** | | | |
| १. मन्त्रालयले आफ्नो मन्त्रालयसँग सम्बन्धित स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रमका आधारमा वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन योजना तयार गरी यसको विद्युतीय प्रतिलाई आफ्नो वेबसाइट सार्वजनिक गर्नुका साथै गण्डकी अनुगमन प्रणालीमा प्रविष्ट गरेको । | १ | | |
| २. वार्षिक नीति, कार्यक्रम तथा योजनाहरु गरीवि निवारण, लैङ्गिक उत्तरदायी, जलबायु परिवर्तन तथा दिगो विकासका लक्ष्यहरु प्राप्त हुने गरि तर्जुमा गर्ने गरिएको । | १ | | |
| ३. मन्त्रालय मातहतका निकायबाट खर्च हुने स्वीकृत बजेट तथा कार्यक्रमलाई मातहतका निकायले खर्च गर्न सक्ने गरी PLMBIS मा Entry गरिएको । | १ | | |
| **(ख) नतिजा व्यवस्थापन (Result Management)** | | | |
| ४. प्रदेशको पञ्चबर्षिय आवधिक योजनाको आधारमा मन्त्रालयले रणनीतिक कार्यान्वयन योजना (Strategic Implementation Plan) निर्माण गरी यसलाई कार्यान्वयनमा ल्याएको । | १ | | |
| ५. मन्त्रालयको लागि स्वीकृत वार्षिक बजेट, नीति तथा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक पर्ने कार्यबिधी, मापदण्ड, निर्देशिका, मार्गदर्शन तयार गरी मातहतका सम्बन्धित निकायमा उपलब्ध गराउनका साथै आफ्नो वेबसाइटमा समेत सार्वजनिक गरेको । | १ | | |
| ६. मन्त्रालयले दीर्घकालीन योजना बनाइ सो अनुसारका आयोजनाहरुलाई मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट तथा कार्यक्रममा समावेश गरेको । | १ | | |

## २. कार्यान्वयन क्षमता तथा व्यवस्थापन (Implementation Capacity and Management)

| विवरण | अङ्क भार | | |
|---|---|---|---|
| **(क) प्रक्रियाको व्यवस्थापन (Process Management)** | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | छ (१) | छैन (०) |
| १. सार्वजनिक खरिद नियमावली, २०६३ बमोजिम खरिद एकाइ गठन भई उक्त एकाइ खरिद कार्यमा सक्रिय रहेको । | १ | | |
| २. भवनको निर्माण सम्बन्धी कार्य गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ र नेपाल राष्ट्रिय भवन संहिता, २०७७ अनुसार नक्सा पास गरि भवन निर्माण गर्ने गरिएको । | १ | | |
| ३. प्रदेश मन्त्रालय र मातहतका सबै निकायले भवन भाडामा लिंदा सम्बन्धित पालिकाबाट नक्सा पास भएको र सम्पत्ति करको दायरामा आएको भवन मात्र भाडामा लिने गरिएको । | १ | | |
| ४. मन्त्रालय र मातहतका सबै निकायले कर्मचारीको तलबी प्रतिवेदन पारित गरी तद्अनुसार मात्र भुक्तानी हुने गरेको । | १ | | |

| | | | |
|---|---|---|---|
| **(ख) नतिजा व्यवस्थापन (Management of Results)** | | | |
| ५. स्वीकृत बार्षिक बजेट र कार्यक्रमको स्वीकृत सीमा र शीर्षक बाहिर गई बजेट खर्च नगरिएको। | १ | | |
| ६. गत आवमा कुल बजेटको कम्तीमा ८० प्रतिशत वित्तीय प्रगति भएको । | १ | | |
| ७. रिक्त स्थायी दरबन्दीहरूमा पदपूर्तिका लागि प्रदेश लोकसेवा आयोगमा मन्त्रिपरिषदको कार्यालय मार्फत माग आपूर्ति फारम भरी पठाइएको । | १ | | |
| **(ग) वित्तीय अनुशासन (Financial Discipline)** | | | |
| ८. सार्वजनिक खरिद नियमावली, २०६३ अनुसार गत आवमा एक वर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजना लागि खरिद गर्दा वा वार्षिक १० करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा स्वीकृत खरिद गुरुयोजना अनुसार मात्र खरिद भएको । | १ | | |
| ९. सार्वजनिक खरिद नियमावली, २०६३ अनुसार गत आवमा वार्षिक १० लाख रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा स्वीकृत बार्षिक खरिद योजना अनुसार मात्र खरिद भएको । | १ | | |
| १०. गत आवमा प्राप्त अनुदानहरु (सशर्त अनुदान, समपुरक अनुदान र विशेष अनुदान) जुन प्रयोजनका लागि प्राप्त भएको हो सोही प्रयोजनमा मात्र खर्च भएको । | १ | | |
| ११. सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम उपभोक्ता समितिले जिम्मा लिएका कार्यहरू उपभोक्ता समितिले ठेकेदारलाई ठेक्कामा दिने नगरेको । | १ | | |
| १२. उपभोक्ता समिति गठन गर्दा परियोजना स्थलमा नै आम भेला गराई परियोजना क्षेत्रका लाभग्राही जनताबाट नै उपभोक्ता समिति गठन हुने गरेको । | १ | | |
| १३. उपभोक्ता समितिबाट हुने कार्यमा स्थानीय उपभोक्ताहरूले परियोजना लागतको कम्तीमा १० प्रतिशत नगद लागत सहभागिता जुटाएका । | १ | | |

### ३. लेखाङ्कन तथा प्रतिवेदन (Accounting and Reporting)

| विवरण | अङ्कभार | | |
|---|---|---|---|
| **(क) प्रक्रियाको व्यवस्थापन (Process Management)** | पूर्णाङ्क | प्राप्ताङ्क | |
| | | छ (१) | छैन (०) |
| १. आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ बमोजिम वित्तीय विवरण नेपाल सरकारबाट स्वीकृत लेखामान बमोजिम तयार गरेको। | १ | | |
| २. प्रचलित कानुन बमोजिम आय व्ययको चौमासिक शीर्षकगत विवरण महालेखा परीक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा तयार गरी चौमासिक अवधि सकिएको १५ दिनभित्र प्रदेश अर्थ मन्त्रालयमा पेस गरेको । | १ | | |
| ३. संघ, प्रदेश र स्थानीय तह (समन्वय र अन्तरसम्बन्ध) ऐन २०७७ को दफा १२(३) बमोजिम प्रदेश सरकारबाट स्वीकृत निर्देशिका तथा कार्यविधिहरू प्रदेश राजपत्रमा प्रकाशित भएको । | १ | | |
| **(ख) नतिजा व्यवस्थापन (Management of Results)** | | | |
| ४. प्रचलित कानुन बमोजिम स्वीकृत बजेट तथा कार्यक्रममा पुँजीगत खर्चको रूपमा विनियोजन भएको रकम चालु खर्चमा रकमान्तर नगरिएको | १ | | |
| **(ग) वित्तीय अनुशासन (Financial Discipline)** | | | |
| ५. आफूलाई प्राप्त हुने सबै प्रकारको राजस्व प्रदेश सञ्चित कोषमा जम्मा हुने गरेको । | १ | | |

| | | | |
|---|---|---|---|
| ६. प्रचलित कानुन बमोजिम चालु आ.व. को कार्तिक मसान्तभित्रमा गत आवको वार्षिक प्रगति समीक्षा गरी समीक्षा प्रतिवेदनलाई वेबसाइटबाट सार्वजनिक गरिएको । | १ | | |
| ७. रकमान्तर गर्दा प्रचलित कानूनले तोकेको सीमाभन्दा बाहिर गएर रकमान्तर नगरिएको । | १ | | |
| ८. आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम प्रदेश सञ्चित कोषमा जम्मा भएको । | १ | | |
| ९. बैंकिङ प्रणालीबाट (नगद रहित भुक्तानी) भुक्तानी गरेको साथै स्थायी लेखा नम्बरका आधारमा अनिवार्य करकट्टी गर्ने गरेको । | १ | | |
| १०. सूचनाको हकसम्बन्धी ऐन, २०६४ को प्रावधान बमोजिम आफ्नो मन्त्रालयको वित्तीय कारोबारसंग सम्बन्धी सूचना प्रत्येक ३ महिनामा अद्यावधिक गरी प्रकाशन गरेको । | १ | | |
| ११. निर्वाचित तथा मनोनीत लाभको पद धारण गरेका पदाधिकारी तथा कर्मचारीले प्रत्येक आर्थिक वर्ष समाप्त भएको मितिले साठी दिनभित्र सम्पत्तिको विवरण सम्बन्धित निकायमा बुझाएको । | १ | | |
| १२. सरकारी धनमाल वा सम्पत्तिको अधिकार प्राप्त अधिकारीको स्वीकृतिमा मात्र प्रयोग हुने गरेको र यस्तो अभिलेखको विवरण अद्यावधिक राख्ने गरेको । | १ | | |
| १३. बार्षिक जिन्सी निरीक्षण गराई प्रतिवेदन बमोजिम कार्यान्वयन गरेको । | १ | | |
| १४. बार्षिक खर्चको फाँटवारी तोकिएको समयभित्र प्रमाणित गरी सम्बन्धित निकायहरुमा प्रेषण गर्ने गरेको । | १ | | |

### ४. अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण (Monitoring, Evaluation and Auditing)

| विवरण | अङ्कभार | | |
|---|---|---|---|
| **(क) प्रक्रियाको व्यवस्थापन (Process Management)** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | |
| | | **छ (१)** | **छैन (०)** |
| १. प्रचलित कानुन बमोजिम गत आवमा अन्तिम लेखापरीक्षणको प्रतिवेदन प्राप्त भएको मितिले १५ दिनभित्र आफ्नो वेबसाइटबाट सार्वजनिक गरिएको । | १ | | |
| २. प्रत्येक चौमासिकमा लेखापरीक्षण प्रतिवेदन तयार भई उक्त प्रतिवेदनले औंल्याएका कैफियतलाई अन्तिम लेखापरीक्षण हुनु आगावै सम्बोधन गर्ने गरिएको । | १ | | |
| ३. आन्तरिक लेखापरीक्षणको प्रतिवेदनको एक प्रति अन्तिम लेखापरीक्षणका लागि खटिने डोर वा महालेखा परीक्षकले तोकेको व्यक्ति वा निकायलाई उपलब्ध गराइएको । | १ | | |
| ४. बार्षिक बजेट तथा योजनामा समावेश भएका मुख्य मुख्य कार्यक्रम तथा योजनाहरुको अनुगमन गरेको । | १ | | |
| ५. दैनिक भ्रमणमा खटाउँदा भ्रमणबाट फर्किएको नियमानुसार भ्रमण प्रतिवेदन बुझाउने गरिएको र सो भ्रमण प्रतिवेदन उपर कार्यालयमा छलफल भई यसमा निर्णय हुने गरेको। | १ | | |
| **(ख) नतिजा व्यवस्थापन (Management of Results)** | | | |
| ६. विकास आयोजना तथा परियोजनाको सहभागितामुलक प्रभाव मूल्याङ्कन भएको । | १ | | |
| **(ग) वित्तीय अनुशासन (Financial Discipline)** | | | |

| | | | |
|---|---|---|---|
| ७. अघिल्लो आवको आय व्ययको महालेखा परीक्षकको प्रतिवेदनमा ३ प्रतिशतभन्दा कम बेरुजु रहेको । | १ | | |
| ८. प्रदेश सुशासन ऐन, २०७६ बमोजिम विशेषज्ञ, सरोकारवाला, नागरिक समाजका प्रतिनिधि तथा स्थानीय नागरिक समेतलाई आमन्त्रण गरी आफूले गरेको कामको सम्बन्धमा सार्वजनिक सुनुवाइ गर्ने गरिएको । | १ | | |
| ९. प्रदेश सुशासन ऐन, २०७६ बमोजिम कार्यालयबाट भएको काम कारबाहीको विषयमा सर्वसाधारणलाई जानकारी दिन कुनै अधिकृत स्तरका कर्मचारीलाई प्रवक्ता तोकि निज मार्फत कम्तीमा महिनाको एक पटक भए गरेको कामकारबाहीको विषयमा सार्वजनिक रूपमा जानकारी दिने गरिएको । | १ | | |
| १०. आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य सम्पादन, वित्तीय प्रणाली व्यवस्थित र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली स्थापना भएको । | १ | | |
| ११. मन्त्रालय र मातहतका निकायबाट हुने गरेको काम करबाहीको विषयलाई अनुगमन गर्न वार्षिक अनुगमन कार्ययोजना तयार गरी सो अनुसार अनुगमन हुने गरेको । | १ | | |

### ५. राजस्व व्यवस्थापन (Revenue Management)

| विवरण | अङ्कभार | | |
|---|---|---|---|
| **(क) प्रक्रियाको व्यवस्थापन (Process Management)** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | |
| | | **छ (१)** | **छैन (०)** |
| १. मन्त्रालयबाट सञ्चालित कोषहरू प्रदेश कानुन अनुसार मात्र सञ्चालनमा आएको र सो अनुसार खर्च हुने गरेको । | १ | | |
| २. राजस्व संकलन गर्दा बैंकमार्फत मात्र संकलन हुने गरेको । | १ | | |
| **(ख) नतिजा व्यवस्थापन (Management of Results)** | | | |
| ३. राजश्व बाँडफाँट रकमको मासिक हिसाब भई सम्बन्धित तहलाई उपलब्ध हुने गरेको । | १ | | |
| ४. मन्त्रालय र मातहतको निकायबाट समष्टिगत रूपमा सेवा शुल्क दस्तुरबाट गत आर्थिक बर्षको भन्दा राजस्व वृद्धि भएको । | १ | | |
| ५. राजश्व प्रणालीलाई विद्युतीय भुक्तानी प्रणालीमा आबद्ध गरिएको । | १ | | |
| **(ग) वित्तीय अनुशासन (Financial Discipline)** | | | |
| ६. संकलन भएको राजस्व कानुनमा तोकिए बमोजिम बैंक खातामा जम्मा गर्ने गरेको । | १ | | |

अनुसूची—७

मन्त्रालयको वित्तीय सुशासन मूल्याङ्कनका सूचकहरूको संख्या तथा प्राप्ताङ्क

(सारांश तालिका)

| सि. नं. | विषय क्षेत्र | सूचक संख्या/अंक | सूचकको तहगत प्राप्ताङ्क | | | कुल प्राप्ताङ्क |
|---|---|---|---|---|---|---|
| | | | प्रक्रिया सूचक | नतिजा सूचक | वित्तीय अनुशासनका सूचक | |
| १ | **सूचक क्षेत्र १ :** योजना बजेट तथा कार्यक्रमको व्यवस्थापन | ६ | | | | |
| २ | **सूचक क्षेत्र २ :** कार्यान्वयन क्षमता तथा व्यवस्थापन | १३ | | | | |
| ३ | **सूचक क्षेत्र ३ :** लेखांकन तथा प्रतिवेदन | १४ | | | | |
| ४ | **सूचक क्षेत्र ४ :** अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण | ११ | | | | |
| ५ | **सूचक क्षेत्र ५ :** राजश्व व्यवस्थापन | ६ | | | | |
| | **कुल जम्मा** | **५०** | | | | |

अनुसूची—८

मन्त्रालयको वित्तीय सुशासन मूल्यांकन अवस्था वर्गीकरण

| **अंकभार** | **प्रतिशत** | **मूल्याङ्कन** |
|---|---|---|
| ० अंक देखि २० अंकसम्म | ४० प्रतिशतसम्म | उच्च जोखिम |
| २० अंक भन्दा माथि ४० अंकसम्म | ४० देखि माथि ८० प्रतिशतसम्म | मध्य जोखिम |
| ४० अंक भन्दा माथी | ८० प्रतिशतभन्दा माथि | न्यून जोखिम |

अनुसूची–९

वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजनाको ढाँचा

(परिच्छेद–३ को दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

१. पृष्ठभूमी

२. लक्ष्य

३. उद्देश्य

४. वित्तीय सुशासन जोखिमको परिचय

५. प्रदेशका सार्वजनिक वित्तीय व्यवस्थापन तथा वित्तीय सुशासन जोखिमका आयामहरु

६. वित्तीय सुशासन जोखिमका प्रकार, तह तथा श्रेणीहरु

७. वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजनाको रणनीतिक प्राथमिकताहरु

८. वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजनाको दायरा

९. वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजनाको अवधि

१०. प्रदेश सार्वजनिक वित्तीय व्यवस्थापनसंग सम्बन्धित सरोकारवालाहरु, संस्थागत सम्बन्ध तथा नागरिक सहभागिताको पद्दति

११. प्रदेश वित्तीय सुशासन जोखिम मुल्यांकन सारांश

१२. प्रदेश वित्तीय जोखिम न्यनूनीकरण कार्ययोजना तर्जुमा प्रक्रिया

१३. प्रदेश वित्तीय जोखिम न्यनूनीकरण कार्ययोजना कार्यान्वयन, अनुगमन तथा फलोअप योजना

१४. प्रदेश वित्तीय जोखिम न्यनूनीकरण कार्ययोजना तर्जुमा खाका

## वित्तीय सुशासन जोखिम न्यूनीकरण कार्ययोजना खाका (नमुना)

### १. योजना बजेट तथा कार्यक्रम व्यवस्थापन (Planning, Budgeting and Programme Management)

| अपेक्षित नतिजा १: योजना, बजेट तथा कार्यक्रम प्रणाली प्रभावकारी भएको हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **अपेक्षित परिणाम** | **संकेत नम्बर** | **पहिचान भएका संभावित जोखिम हरु** | **जोखिम को वर्गीकरण** | **जोखिम न्यूनीकरण का लागि अवलम्बन गरिने उपाय** | **समय सीमा** | **माइलस्टोन/ मापनको आधार र श्रोतहरु** | **जिम्मेवार व्यक्ति/निकाय** |
| १.१ योजना प्रक्रियामा सुदृढीकरण | १.१.१ | आवधिक योजनामा आधारित भएर बार्षिक योजना तथा कार्यक्रम तयार नहुने | मध्यम | आवधिक योजना, मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट बिच तालमेल गर्ने | | प्रदेश तथा मन्त्रालयगत मध्यमकालीन खर्च संरचनाहरु तयार भएको | |
| | १.१.२ | | | | | | |
| | १.१.३ | | | | | | |
| १.२ | १.२.१ | | | | | | |
| | १.२.२ | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.३ | १.३.१ | | | | | | |
| | १.३.२ | | | | | | |

## २. कार्यान्वयन क्षमता तथा व्यवस्थापन (Implementation Capacity and Management)

| अपेक्षित नतिजा २: कार्यक्रम कार्यान्वयनमा सुधार भएको हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **अपेक्षित परिणाम** | **संकेत नम्बर** | **पहिचान भएका संभावित जोखिमहरु** | **जोखिमको वर्गीकरण** | **जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय** | **समयसीमा** | **माइलस्टोन/ मापनको आधार र श्रोतहरु** | **जिम्मेवार व्यक्ति/ निकाय** |
| २.१ प्रदेश अन्तर्गतका निकायहरुमा समयमा नै बजेट निकासा हुने सुनिश्चितता | २.१.१ | सम्बन्धित कार्यालयमा बजेट अख्तियारी प्रदान गर्न ढिलाई हुने | मध्यम | LMBIS बाट स्वतः बजेट निकासा हुने व्यवस्था मिलाउने | | बजेट तयार तथा कार्यान्वयनमा LMBIS पुर्ण प्रयोग गरिएको | |
| | २.१.२ | | | | | | |
| २.२ | २.२.१ | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | २.२.२ | | | | | | |
| २.३ | २.३.१ | | | | | | |
| | २.३.२ | | | | | | |
| २.४ | २.४.१ | | | | | | |
| | २.४.२ | | | | | | |

**३. लेखाङ्कन तथा प्रतिवेदन (Accounting and Reporting)**

| अपेक्षित नतिजा ३: सुदृढ लेखापालन, प्रतिवेदन तथा लेखाप्रणाली लागू भएको हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **अपेक्षित परिणाम** | **संकेत नम्बर** | **पहिचान भएका संभावित जोखिमहरु** | **जोखिमको वर्गीकरण** | **जोखिम न्यूनीकरण का लागि अवलम्बन गरिने उपाय** | **समयसीमा** | **माइलस्टोन/ मापनको आधार र श्रोतहरु** | **जिम्मेवार व्यक्ति/निकाय** |
| ३.१ लेखा प्रणालीमा सुधार गर्ने | ३.१.१ | कानुन बमोजिम तोकिएको लेखापालन मापदण्ड पालना नभएको | उच्च | लेखापालनमा एकिकृत आर्थिक संकेत तथा लेखा फारामको पुर्ण उपयोग | | एकिकृत आर्थिक संकेत प्रयोग तथा लेखांकनका लागि तोकिएको सफ्टवेयर प्रयोगमा आई CGAS+ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | पुर्णरुपमा लागू गरिएको | |
| | ३.१.२ | | | | | | |
| ३.२ | ३.२.१ | | | | | | |
| | ३.२.२ | | | | | | |
| ३.३ | ३.३.१ | | | | | | |
| | ३.३.२ | | | | | | |

## ४. अनुगमन, मूल्याङ्कन तथा लेखापरीक्षण (Monitoring, Evaluation and Auditing)

| अपेक्षित नतिजा ४: प्रभावकारी वित्तीय अनुगमन, पारदर्शिता, जवाफदेहिता बढोत्तरी हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **अपेक्षित परिणाम** | **संकेत नम्बर** | **पहिचान भएका संभावित जोखिमहरु** | **जोखिमको वर्गीकरण** | **जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय** | **समयसीमा** | **माइलस्टोन/ मापनको आधार र श्रोतहरु** | **जिम्मेवार व्यक्ति/ निकाय** |
| ४.१ अनुगमन प्रणाली सुधार गरि नतिजामु | ४.१.१ | प्रभावकारी अनुगमन प्रणाली विकास | उच्च | सूचकमा आधारित व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने | | अनुगमन प्रतिवेदनहरु तथा व्यवस्थापन सुचना प्रणाली आदि | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| लक बनाउने | | नगरिए को | | | | | |
| | ४.१.२ | | | | | | |
| ४.२ | ४.२.१ | | | | | | |
| | ४.२.२ | | | | | | |

**५. राजस्व व्यवस्थापन (Revenue Management)**

| अपेक्षित नतिजा ५: प्रदेशको राजश्व प्रशासन तथा व्यवस्थापनमा सुधार भएको हुने | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **अपेक्षित परिणाम** | **संकेत नम्बर** | **पहिचान भएका संभावित जोखिमहरु** | **जोखिमको वर्गीकरण** | **जोखिम न्यूनीकरणका लागि अवलम्बन गरिने उपाय** | **समयसीमा** | **माइलस्टोन⁄ मापनको आधार र श्रोतहरु** | **जिम्मेवार व्यक्ति⁄ निकाय** |
| ५.१ आन्तरिक राजश्व व्यवस्थापनमा सुधार गर्ने | ५.१.१ | प्रक्षेपण गरिए अनुसार आन्तरिक राजश्व संकलन नभएको | उच्च | राजश्व प्रक्षेपण तथा सुधार योजना तयार गरि लागु गर्ने | | राजश्व अध्ययन प्रतिवेदन आदि | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ५१.<br>२ | | | | | | |
| ५.२ | ५.२<br>.१ | | | | | | |

आज्ञाले,

रामप्रसाद आचार्य

प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.५०।-